

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय ‘क’ वर्ग

दैनिक

eprateekdaily.com



कोभिड–१९ रोग जो कसैलाई पनि हुन सक्छ, सङ्क्रमणको आशङ्कामा सामाजिक विभेद नगरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❖ वर्ष ३४ ❖ २०७८ जेठ १५ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 May 29 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २७०


## नारायणीमा सङ्क्रमितको मात्र डायलोसिस गर्न सुझाव

प्रस, वीरगंज, १४ जेठ/

नारायणी अस्पतालमा कोरोना सङ्क्रमितहरूको मात्र डायलोसिस



तस्वीरः फाइल/प्रतीक

व्यवस्था गर्न चिकित्सकहरूले सुझाएका छन् ।

सरकारले डायलोसिसका लागि वीरगंजको नेशनल मेडिकल कलेज र वीरगंज हेल्थकेयर अस्पतालसमेतलाई जिम्मेवारी दिएको छ । नारायणी अस्पतालमा भने सङ्क्रमितसमेतको डायलोसिसको व्यवस्था गरिएको छ । सङ्क्रमितहरूको डायलोसिस गर्नका लागि दुईवटा मेशिन छन् तर त्यसमध्ये एउटा बिग्रिएको छ ।

एउटा मात्र डायलोसिस मेशिनको कारण सङ्क्रमितहरूमध्ये एकजनालाई कम्तीमा चार घण्टा समय डायलोसिस गर्न दिनुपर्नेमा अहिले दुई घण्टा मात्र दिने गरिएको छ । पछिल्लो चरणमा रौतहट गुजरा नगरपालिकाकी १७ वर्षीया सविना विकको नारायणीसमेतमा डायलोसिस नगरिएपछि मृत्यु भएको थियो ।

यसैगरी, सङ्क्रमित जीतपुरसिमरा निवासी विनोद मिश्रको पनि मृत्यु भयो। सरकारले डायलोसिसका लागि ननकोभिड अस्पताललाई प्रतिव्यक्ति रु २५ सय र कोभिड अस्पताललाई रु १२ हजार ५ सय अनुदान सहयोग निर्धारण गरेको छ।

यो अवस्थामा नारायणी अस्पतालले कोभिड भएका बिरामीहरूलाई मात्र डायलोसिस सेवा दिने हो भने नेशनल र वीरगंज हेल्थकेयरले ननकोभिड मिर्गौलारोग पीडितको डायलोसिस गर्न सक्ने थियो। यसो गर्दा सबैजनाले सहज सेवा पाउने वातावरण हुने एकजना चिकित्सकले सुझाएका छन् ।

## चारवटा पोल भाँच्चियो
## दुई दिन विद्युत् अवरुद्ध हुने

प्रस, बिरुवागुठी, १४ जेठ/

बिहीवार राति आएको हावाहुरीले जनता सडकमा रहेका चारवटा विद्युत्



जनता सडकमा हावाहुरीले डलेको पोल । तस्वीरः प्रतीक

पोल ढालेपछि आवागमन प्रभावित भएको छ ।

निकै जोडले आएको हावाहुरीका कारण सडकछेउमा गाडिएका चारवटा पोल भाँच्चिएको हो ।

पर्सागढी नगरपालिका–३ बडनिहारस्थित पुनीत पुलनजीक रहेका चारवटा विद्युत् पोल भाँच्चिएपछि बेलुकीदेखि विद्युत् आपूर्ति बन्द भएको छ भने सो सडकखण्डमा सवारी आवागमन पनि रोकिएको थियो।

नेपाल विद्युत् प्राधिकरण बिरुवागुठी फ्युज शाखाका प्रमुख विलेक्षणप्रसाद पञ्जियारले नयाँ पोल गाड्ने काम भइरहेको बताए। उनले निरन्तर वर्षाको कारण तत्काल विद्युत् आपूर्ति हुन नसक्ने र नयाँ पोल गाडेर तार मरम्मत गरी सेवा सुचारु गर्न कम्तीमा दुई दिन लाग्ने बताए। पोल र तारलाई सडकखण्डबाट हटाएर सवारी आवागमन भने सुचारु पारिएको छ ।

## ४२ जना सङ्क्रमित थप, तीनजनाको मृत्यु

प्रस, वीरगंज, १४ जेठ/

नारायणी अस्पताल वीरगंजको पिसिआर प्रयोगशालाले शुक्रवार बिहान ४२ जना सङ्क्रमित पुष्टि गरेको छ भने हिजो राति र आज बिहानसम्म वीरगंजका अस्पतालमा तीनजना सङ्क्रमितको मृत्यु भएको छ ।

नारायणी अस्पतालका कोभिड संयोजक डा सरोजरोशन दासले बिहीवार १७७ जनाको स्वाब सङ्कलन भएकोमा पिसिआर परीक्षण रिपोर्टमा ४२ जना सङ्क्रमित पुष्टि भएको बताए । सङ्क्रमित पुष्टि भएकामा पर्साका २५ जना, बाराका ११ जना, रौतहट र सर्लाहीका तीन/तीन जना छन् । उनीहरूमा १५ जना महिला र २७ जना पुरुष छन् । सङ्क्रमितहरूको उमेर ११ देखि ८६ वर्षसम्म रहेको तथा सिटी भ्यालू १७.५ देखि ३५.३ सम्म रहेको संयोजक डा दासले जानकारी गराए ।

यसैगरी, हिजो राति र आज बिहान गरी नारायणी अस्पतालमा दुईजना सङ्क्रमितको मृत्यु भएको उनले बताए । बिहीवार राति १० बजे बहुदरमाई नगरपालिका–५ निवासी ३५ वर्षीय पुरुषको मृत्यु भएको उनले बताए । सङ्क्रमण पुष्टि भएपछि ती पुरुषलाई जेठ ९ गते अस्पताल भर्ना गरिएको थियो। यसैगरी, नारायणी अस्पतालमा जेठ १४ गते शुक्रवार बिहान साढे तीन



तस्वीरः फाइल

बजे बारा जिल्ला सुवर्ण गाउँपालिका–६ निवासी ७० वर्षीया महिलाको मृत्यु भएको छ। सङ्क्रमित भएपछि उनलाई जेठ १३ गते भर्ना गरिएको थियो।

यसैगरी, हिजो राति ९ बजे वीरगंज हेल्थकेयर अस्पतालमा वीरगंज महानगर–२९ निवासी ६० वर्षीया महिलाको मृत्यु भएको जिल्ला प्रशासन कार्यालय पर्साका प्रशासकीय अधिकृत विनयकुमार श्रीवास्तवले बताए। सङ्क्रमित जेठ ६ गते अस्पतालमा भर्ना भएकी थिइन्।

## जाहेरी नपरेकोले चोरहरू छाडिए

प्रस, परवानीपुर, १४ जेठ/

इलाका प्रहरी कार्यालय प्रसौनी, नौतन, गण्डक बाराले आर्थिक प्रलोभनमा परी चारजना चोरलाई पक्राउ गरेको एक सातापछि मुद्दा नचलाएर रिहा गरेको घटना सार्वजनिक भएको छ ।

पक्राउ गरेको एक सातापछि हिजो बिहीवार दिउँसो ३ बजे चोरहरूलाई रिहा गरिएको स्रोतले जनाएको छ । प्लास्टिकको बोरा उत्पादन गर्ने प्रसौनी गाउँपालिका–६ स्थित जयपशुपतिनाथ इम्पेक्स प्रालिमा गत चैत १४ गते राति करीब रु १२ लाखबराबरको प्लास्टिकको दाना चोरी घटनामा इलाका प्रहरी कार्यालय प्रसौनी, नौतन, गण्डक बाराले जेठ ७ गते चारजना चोरलाई पक्राउ गरेको थियो। सो चोरी घटनामा पाँचजना आरोपी थिए, जसमा प्रहरीले चारजनालाई मात्र पक्राउ गर्न सकेको थियो।

उद्योगका कर्मचारी, मजदूर, ट्याक्टर चालकको मिलेमतोमा भएको यो चोरीकाण्डमा एक साताअघि मात्र वीरगंज–१५ प्रतिमाचोकमा एक व्यवसायीलाई बिक्री गर्दा सन्नीकुमार मण्डललाई प्रहरीले पक्राउ गरेको थियो। प्रहरीले निजबाट अन्यको नाम ठेगाना पत्ता लगाएर मुनिल कुमार, विक्की प्रसाद, रामजी प्रसाद र शुभम पाण्डेलाई पक्राउ गरेको थियो । चोरी घटनामा एकजना अझै फरार छन् ।

चोरीको घटनामा दसी प्रमाणसहित पक्राउ परेका चोरहरूलाई छाडिएको सम्बन्धमा इलाका प्रहरी कार्यालय प्रसौनी, नौतन, गण्डक बाराका प्रमुख प्रहरी निरीक्षक विन्देश्वर यादवले उद्योग पक्षबाट जाहेरी नआएको र उद्योगले आन्तरिकरूपमा समाधान गरी मिलाउने भनेपछि छाडिएको गैरजिम्मेवार जवाफ दिए । तर उद्योगका सञ्चालक तुलसी रौनियारले भने घटनालगत्तै किटानी लिखित जाहेरी दिएको दाबी गरे ।

यसबारे बारा प्रहरीका प्रमुख प्रहरी उपरीक्षक दीपेन्द्र शाहीसँग बुझ्दा उनले आफूले पनि चोरहरू छुटेको हल्ला सुनेको र यसबारेमा बुझ्दा आफूलाई तारिखमा छाडेको बताएको भन्दै अनुसन्धान अगाडि बढाउने र दोषीमाथि कारबाई गरिने आश्वासन दिए ।

## अस्पतालको छतबाट हाम फाली आत्महत्या

प्रस, वीरगंज, १४ जेठ/

रक्सौलस्थित डङ्कन अस्पतालमा भर्ना रहेका एकजना कोरोना सङ्क्रमितले आत्महत्या गरेका छन् । पलनवा थाना पिपरिया गाउँ निवासी ३५ वर्षीय रामशरण साहले अस्पतालको तीन तलाबाट हाम फालेर आत्महत्या गरेका हुन् ।




सङ्क्रमित भएपछि साह आठ दिनदेखि सो अस्पतालको कोभिड कक्षको ४ नं शय्यामा भर्ना थिए । बिहीवार साँझ साढे सात बजे उनले अस्पतालको छतबाट फाल हानेर आत्महत्या गरेका हुन् । आत्महत्याको केही क्षणअघि उनका पिता जोगिन्दर साहले उनलाई खाना खुवाएका थिए । खाना खुवाएर पिता फर्केको केही क्षणमैं उनले आत्महत्या गरेको बताइएको छ ।

प्रारम्भिक अनुसन्धानमा उनले अवसादमा आएर आत्महत्या गरेको अनुमान गरिंदैछ ।

भर्ना भएर उपचार गर्ने क्रममा यता केही दिनदेखि उनले घर जाने हठ लगाएका थिए । प्रहरीले यसबारेमा थप अनुसन्धानबाट वास्तविकता खुल्ने बताएको छ ।

## ६० जना गरीब परिवारलाई खाद्यान्न सहयोग

प्रस, सेढवा, १४ जेठ/

जीराभवानी गाउँपालिका वडा नं २ सेढवाको सुकुमवासी र मुसहरबस्तीका गरीब, विपन्न, दलित परिवारलाई खाद्यान्न सहयोग गरिएको छ ।

आवर संसार संस्थाले खाद्यान्न वितरण गरेको संस्थाका संयोजक मुकेश साहले बताए ।

उनले ६० जना परिवारलाई प्रतिपरिवार चामल २५ किलो, पीठो ५ किलो, दाल ३ किलो, चना १ किलो, सोयाबिन १ किलो, खानेतेल १ लिटर, नून १ किलो, नुहाउने र लुगाधुने साबुन ५ थान, मास्क १० थान वितरण गरिएको

(बाँकी अन्तिम पातामा)



## विचारसार र सूक्तिहरू

**वाणीको वेग, मनको वेग, क्रोधको वेग, तृष्णाको वेग, उदरको वेग, उपस्थको वेग–यी प्रचण्ड वेगहरूलाई जसले सहन सक्छ, उसको भविष्य सबै प्रकारले उज्ज्वल हुन्छ ।**

**–महात्मा बुद्ध**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


## निराश कुरा नगरौं

**संसारमा विनाश विभिन्न किसिमका आइरहन्छन् । कतिपय मानव सिर्जित विनाश हुन्छन् भने कतिपय प्राकृतिक। हुनत प्राकृतिक होस् या मानव सिर्जित अधिकांश विपत्ति तथा विनाशमा मानवीय क्रियाकलापको मुख्य भूमिका हुन्छ । कोभिड–१९ भन्दा पहिले पनि धेरै महामारी तथा विनाश मानवसमाजले भोगिसकेको छ। कोभिड–१९ मानवले सिर्जना गरेको विपत्ति हो वा विशुद्ध प्राकृतिक भन्नेबारे अझै विश्व एकमत छैन । मानवले निम्त्याएको प्रथम विश्वयुद्ध, दोस्रो विश्वयुद्धलगायतका विनाश पनि मानवको लागि कम निराशाजनक थिएन । जस्तोसुकै विनाश वा विपत्ति होस् त्यसबाट सकभर मानव आफूलाई सुरक्षित राख्न चाहन्छ । उक्त चाहनामा कैयौं सफल हुन्छन् भने कैयौं असफल । आपत्, विपत् वा सम्भावित दुर्घटनाबाट बच्नका लागि सबैभन्दा ठूलो हतियार स्वस्थ मनस्थिति हो । मानवको मनस्थितिलाई धेरै कुराले प्रभाव पारिरहेका हुन्छन् । आफ्नो मनमस्तिष्क आफ्नै नियन्त्रणमा रहे मात्रै मानवले विपत्तिविरुद्ध जुझ्न सक्ने हो । आत्तिएको, हताश वा त्रसित मनस्थितिले झन् दुर्घटना निम्त्याउँछ । त्यसैले हाल चलिरहेको विश्वव्यापी महामारीबाट बच्नका लागि पनि सबैभन्दा पहिले उच्च मनोबल हुनुपर्ने विज्ञहरूले सुझाएका छन् ।**

**मनस्थितिलाई मुख्यत: आसपासका वातावरणले प्रभावित पार्छ । बाहिरी प्रभावको तरङ्ग अर्थात् अनुकम्प शरीरका बाहिरी इन्द्रियहरूको माध्यमबाट सीधैं मानवको हृदय तथा मनमस्तिष्कमा पर्छ। मनमस्तिष्कबाट शरीर परिचालित हुने हुँदा यसले पूरै शरीरलाई प्रभावित गर्छ। प्राप्त सन्देशलाई मनमस्तिष्क वा हृदयले जे ठहर गर्‍यो, शरीरले त्यसलाई सोहीरूपमा ग्रहण गर्छ। भनिन्छ नि पानीलाई पनि विष नै हो भन्ठानेर पिइयो भने मानिसको मृत्यु हुन सक्छ। विषै नहुने सर्पले टोकेर मानिसको मृत्यु भएका घटनाहरू प्रशस्तै छन् । गत वर्ष सिराहाको एक गाउँमा सर्पदंशबाट एक महिलाको मृत्यु भएपछि सर्पदंशकै आशङ्कामा सोही स्थानका थप १४ जना अचेत बने। समयमैं उनीहरूको देखभाल भएपछि होसमा फर्किए । आखिर उनीहरूमध्ये कसैलाई काँडाले घोंचेको, कसैलाई सिरुले काटेको त कतिपयलाई कमिलाले टोकेको रहेछ ।**

**विपत्को बेला मानिसलाई थप त्रास र निराश हुन दिनुहुँदैन। कोरोना सङ्क्रमणका कारण लामो समयसम्म आइसोलेशनमा बसेका, अन्यत्रबाट आएर क्वारेन्टाइनमा बसेका र सङ्क्रमणसँग लडिरहेका बिरामीको यसै पनि मनस्थिति त्रसित, अस्थिर र एक्लोपनको कारण निराशाजनक हुन्छ। सङ्क्रमणमुक्त भइसकेकाहरूमा समेत लामो समयसम्म निराशा, उदासीपन र त्रासको भाव देखिन्छ। यस्तो अवस्थामा उनीहरूलाई आशा, उत्साह एवं मनोबल उच्च रहने किसिमको वातावरण आवश्यक छ। वर्तमान युगमा मानवको भरपर्दो साथी समाचारमाध्यम एवं सामाजिक सञ्जालहरू हुन्। तर त्यही साथीले हरेक क्षण शोक, समवेदना, आँसु र विनाशका कथाहरू बोकेर आइरहेका छन् । अमेरिकाको युनिभर्सिटी अफ क्यालिफोर्नियाका एक विद्यार्थीले हालै तयार गरेको शोधपत्रमा 'कोरोना सङ्क्रमित अवस्थामा मस्तिष्कघात हुने मुख्य कारण मनोदशा' भनेको छ । मनको अवस्था सही नरहेमा औषधिले काम गर्न नसक्ने शोधपत्रमा उल्लेख छ। यसर्थ मनोदशा फैलाउने सामग्रीभन्दा सफलता एवं मनोरञ्जन तथा चेतनामूलक सामग्रीहरूलाई बढावा दिन जरुरी छ ।**

# विश्वास कि विज्ञान ?

स्वान्तः सुखाय




सञ्जय मित्र
mitrasanjay41@gmail.com



**तर्क नै हो नि ! विज्ञान पनि अनेक शर्तमा आधारित हुन्छ। तथ्यलाई पनि अनेक किसिमले विश्लेषण गरिएको हुन्छ। यो त हजारौं वर्ष पहिले लेखिएको ग्रन्थ हो। हिन्दू समाजमा निकै चर्चा कमाएको ग्रन्थ हो। यद्यपि यस विषयले त्यत्ति बहस पाउन सकेको छैन।**

धर्मशास्त्रहरू अन्धविश्वास हुन् ? अन्धविश्वास भनेर यसलाई पन्छाइदिने हो भने त यसको सामना गर्न नसकेको आरोप पनि आइलाग्न सक्छ। उसो भए सबै धर्मशास्त्रको विचार एकै किसिमको वा एकमतको छ त ? निस्सन्देह धर्म अनेक छन् र एक धर्मका पनि अनेक धार्मिक ग्रन्थ छन्। कुनै पनि धर्मका सबै धार्मिक विश्वास एकै किसिमका छन् त ? यदि सबै धार्मिक ग्रन्थको विचार एउटै भयो भने कालान्तरमा अनेक आरोप फेरि लाग्न सक्छन् जस्तै जडसूत्रवाद, आधुनिकतालाई समेट्न नसकेको, केवल अन्धविश्वास मात्र भएको आदि। यस कारण सबै धार्मिक विचार तथा धर्मग्रन्थमा व्यक्त गरिएका कुराहरूमाथि मन्थन भइरहेका छन् । भइरहन्छन् पनि । पाठक तथा आलोचकहरूले आआफ्नो दृष्टिकोण अनुसार धार्मिक ग्रन्थका विभिन्न विचारमाथि अह्ना तर्कहरू दिने गरेका छन्। यो निरन्तर चलिरहन्छ।

हाम्रो संस्कृतिमा सबैभन्दा बढी हिन्दू धार्मिक ग्रन्थहरूमाथि चर्चा हुने गरेको छ। कतिपय ग्रन्थलाई नपढी तिनमाथि लेखिएका विचार वा समीक्षालाई पढेर धारणा बनाइ बहस गर्ने गरेका छन् । कतिपयले त सोझै अन्तर्य नबुझीकनै समर्थन वा विरोधमा विचारहरू अभिव्यक्त गर्ने गरेका छन्। कुनै एकाध तर्क वा तथ्य समयको अनन्त विस्तारमा समयसापेक्ष हुन नसकेमा वा भूगोलसापेक्षताको विपरीत हुन गएमा पूरै कृतिलाई नै दोष दिइन्छ । पूरा कृतिलाई नै गाली गरिन्छ। कृतिकारलाई नै सत्तोसराप गरिन्छ। र यसरी अति नकारात्मक टिप्पणी गर्ने कोही नाम चलेका वा प्रसिद्ध व्यक्ति छन् भने अति स्वाभाविकरूपमा सम्बन्धित ग्रन्थ वा ग्रन्थकारमाथि अस्वाभाविक प्रहारहरू हुन थाल्छन् । यस्ता प्रहारहरूले निरन्तरता पाउँदा प्रहारको एउटा संस्कार नै बन्न पुग्दछ। सम्भवत: मनुस्मृतिको विषयमा पनि यही भएको छ । यस कृतिको अध्ययन धेरै कम मानिसले गरेका छन् र यसको आलोचना निकै धेरै मानिसले गरेका छन् । यस कृतिभित्र आलोचना गर्ने प्रशस्त आधार रहेका छन् तर यहाँ कृतिभित्र रहेको एउटा रहस्यको विषयलाई चर्चामा ल्याउन खोजिएको छ।

महिलामा हुने रजस्वला र स्त्री–पुरुष सम्बन्धको विषयमा मनुस्मृतिको तृतीय अध्यायका केही श्लोकमा चर्चा गरिएको छ। हिन्दू समाजमा रजस्वला अवधिका महिलाप्रतिको दृष्टिकोण एकै किसिमको छैन । कतिपयले यसको दोषी मनु वा मनुस्मृतिलाई नै दिने गरेका छन् । यो पनि बहसको विषय हो । मनुस्मृतिका सबै कुरा जस्ताको त्यस्तै मान्नुपर्दछ भन्ने होइन तर यसमा स्त्रीको सम्मानको विषयमा पनि पर्याप्त श्लोक सिर्जना गरिएका छन्। यहाँ कुन सन्तान पाउने र कसरी भन्ने विषयमा मनुस्मृतिमा रहेका केही श्लोकलाई स्पष्ट पार्न खोजिएको छ।

अहिले पनि छोरा वा छोरी कसरी निर्धारण हुन्छ भन्ने कुरामा व्यापक अन्योल रहेको छ । समाजमा अनेक अड्कलबाजी प्रचलनमा रहेका छन् । यसैगरी, विश्वमा विभिन्न पद्धति तथा विश्वास पनि प्रचलनमा रहेका छन् । विभिन्न शास्त्रमा पुत्रयष्ठि यज्ञ गराइएका र पुत्रको जन्म भएका उदाहरणहरू पाइन्छन् । मर्यादापुरुषोत्तम रामसहित भाइहरू र विश्व शान्तिका अग्रदूत भगवान् गौतम बुद्धको जन्म पनि यज्ञपछि




नै भएको शास्त्रहरू बताउँछन् । धर्म र शास्त्रमा विश्वास राख्नेहरूले यस्ता कुरालाई चाख दिएर पढ्छन्, सुन्छन् वा हेर्छन् । अहिले के लाग्छ भने शास्त्रहरू पितृसत्तात्मक युगका सिर्जना भएकाले समाजका सञ्चालक, अगुवा तथा पुरोहितहरूले पुत्रप्राप्तिको विषयमा विशेष चर्चा गर्दै ग्रन्थहरूमा स्थान दिएका छन् र पुत्रीको विषयलाई ओझेलमैं राखेका छन्। मनुस्मृतिले पनि मुख्यत: पुत्रोत्पत्तिकै विषयलाई स्पष्ट पार्ने क्रममा पुत्र कसरी, पुत्री कसरी भन्ने कुरा खुलाएको छ । हजारौं वर्ष पहिले यो विश्वास थियो कि विज्ञान ? अहिले पनि छलफलको विषय हुन सक्दछ ।

**युग्मासु पुत्रा जायन्ते स्त्रियोऽयुग्मासु रात्रिषु ।**
**तस्माद्युग्मासु पुत्रार्थी संविशेदार्तवे स्त्रियम् ।**

मनुस्मृतिको तृतीय अध्यायको यो ४८औं श्लोक हो। यस श्लोकले सामान्य अर्थ यो दिन खोजेको छ कि युग्म रात्रि (छैटौं, आठौं आदि)मा सङ्गम गर्नाले पुत्र प्राप्त हुन्छ र अयुग्म रात्रि (पाँचौं, सातौं आदि)मा सङ्गम गर्नाले कन्या उत्पन्न हुन्छ, यस कारण पुत्रको इच्छा राख्नेले ऋतुको समय स्त्रीनजीक युग्म रात्रिमा जानुपर्दछ।

यस ग्रन्थमा अर्को पनि एउटा गज्जबको श्लोक दिइएको छ । मनुस्मृतिको यस ४८औं पछि लगत्तै ४९औं श्लोक यस्तो छ:

**पुमान्पुन्सोऽधिके शुक्रे स्त्री भवत्यधिके स्त्रियाः ।**
**समेऽपुमान्पुंस्त्रियो या क्षीणेऽल्पे च विपर्ययः ॥**

अर्थात् पुरुषको वीर्य अधिक छ भने पुरुष हुन्छ, स्त्रीको वीर्य अधिक छ भने स्त्री हुन्छ । समान वीर्य हुन गएछ भने नपुंसक हुन्छ अथवा पुत्र–पुत्री जोडिएको हुन्छ ( दुवैको गुण हुन्छ), क्षीण तथा थोरै वीर्य छ भने विपरीत हुन्छ अर्थात् गर्भ नै रहँदैन । छैन त रहस्यको तर्क ! गज्जबको तर्क !

अहिले संसारले एक्स क्रोमोजोम र वाइ क्रोमोजोमको कुरो गरिरहेको छ, गर्भमा सन्तानको लिङ्ग निर्धारणको सन्दर्भमा। किन कोही नपुंसक हुन्छन् वा अहिले भन्न थालिएको तेस्रो लिङ्गी हुन्छन् भन्ने विषयमा हिन्दू शास्त्रले हजारौं वर्ष पहिले नै लेखिसकेको छ। तर माथिका दुई श्लोकमा केही बहस गर्न सकिने ठाउँ पनि रहेको छ।

यी दुई श्लोकमध्ये पहिलोले युग्म रात्रिको सङ्गमले पुत्र र अयुग्म रात्रिको सङ्गमले पुत्री हुन्छ भन्ने कुरो स्पष्टसित भनेको छ र दोस्रो श्लोकले पुत्र र पुत्री निर्धारणमा वीर्यको मात्राको पक्षलाई अगाडि ल्याएको छ। जब युग्म–अयुग्म रात्रिले सन्तानको लिङ्ग निर्धारण हुन्छ भने वीर्यको मात्राको प्रश्न नै आउनु नपर्ने हो। मनुस्मृतिका यसपछिका श्लोकहरूले पनि यस विषयमा खासै केही बोलेको पाइएको छैन । यस कारण यी दुई श्लोकलाई नै जान्ने वा बुझ्नेले स्पष्ट पार्न सक्छन् र समाजको जिज्ञासालाई शान्त पार्न सक्छन् । वास्तवमा यी दुई भिन्न हुन् कि दुई श्लोक एक अर्काका परिपूरक ?

तर्क नै हो नि ! विज्ञान पनि अनेक शर्तमा आधारित हुन्छ। तथ्यलाई पनि अनेक किसिमले विश्लेषण गरिएको हुन्छ। यो त हजारौं वर्ष पहिले लेखिएको ग्रन्थ हो । हिन्दू समाजमा निकै चर्चा कमाएको ग्रन्थ हो। यद्यपि यस विषयले त्यत्ति बहस पाउन सकेको छैन।

अहिले भ्रूण परीक्षणमा प्रतिबन्ध छ। भ्रूण परीक्षण गरेर गर्भपतन गर्न त झन् हुँदैन, कानूनी र नैतिक दुवै दृष्टिले । भ्रूण परीक्षण गरेर गर्भपतन गर्न सोच्नुको अर्थ यो हो कि कुनै निश्चित लिङ्गप्रति अन्यायपूर्ण दृष्टिदोष मनमस्तिष्कमा निर्धारित छ। यो घोर मानवताविरोधी काम हो । र अहिलेसम्मको वैज्ञानिक उपलब्धिले पनि भ्रूण परीक्षण नगरी गर्भभित्रको सन्तान छोरा हो वा छोरी भन्ने विषयमा केही अनुमान लगाउन सक्दैन तर मनुस्मृतिभित्रका यी दुई श्लोकले भने गर्भभित्रको सन्तानको लिङ्गको बारेमा अनुमान पहिलेदेखि नै समाजमा प्रचलित रहेको स्पष्ट पार्दछ।

हुन सक्छ यस्ता अनुमानहरू केवल अनुमान नै होऊन्, यथार्थसित समन्वय नहोऊन् तर अहिलेसम्म पनि ग्रामीण समाजमा गर्भवतीलाई के मन पर्छ, कस्तो मन गर्छ, कतातिर पेट कहिलेकाहीं दुख्छ, दिसा कस्तो हुन्छ, सपना कस्तो देखिन्छ आदि अन्य आधारहरूको आलोकमा गर्भभित्रको सन्तान छोरा हो कि छोरी भन्ने अनुमान लगाइने गरिन्छ । साथै माथिका दुई श्लोकको भावलाई समेत नितान्त निरक्षर र परम्परागत समाजले अद्यपर्यन्त आत्मसात् गरेको पाइन्छ । मनुस्मृतिको नाम नै नसुनेका तथा कुनै जानकारी नै नराख्ने मानिसहरूले पनि यस किसिमका भाव व्यक्त गर्दछन् अद्यपर्यन्त पनि । मनुस्मृतिका यी दुई श्लोकमा अभिव्यक्त भाव केवल विश्वास हुन् कि विज्ञान पनि ? कि अन्धविश्वास ?

# ढाडको वीरगंजमैं सफल शल्यक्रिया

प्रस, परवानीपुर, १४ जेठ/

वीरगंजमैं स्पाइनल सर्जरी हुन थालेको छ।

लिङ्करोडस्थित भवानी हस्पिटलका न्यूरो सर्जन डा विपिन चौरसियाले एक साताअघि एक बिरामीको सफल शल्यक्रिया गरेका थिए। भारत, बिहार, गम्हरिया फूलवरका ३५ वर्षीय सतन चौरसियाको गत साता सफल शल्यक्रिया गरी बिरामी निको भएर घर फर्केको डा चौरसियाले जानकारी गराए। उनका अनुसार यस्तो शल्यक्रिया जटिल मानिन्छ । यस्तो शल्यक्रिया वीरगंजमा नगन्य मात्रामा हुन्छ । ढाडको शल्यक्रियामा हड्डीलाई काटेर नसालाई रिलिज गर्ने लेमिनेक्टोमी र बाइलेटरल डिसेक्टोमी गरी शल्यक्रिया गरिएको उनले बताए।

बिरामीलाई तीन वर्षदेखि ढाड दुख्ने, सीधा हिंड्डुल गर्न नसक्ने, हिंड्डुल गर्दा शरीर टेढो गरेर हिंड्ने समस्या थियो। उनी यसअघि ढाडको पीडालाई लिएर भारत, बिहारको राजधानी पटना, काठमाडौंलगायतका विभिन्न हाडजोर्नी तथा नसा रोग विशेषज्ञसँग परामर्श लिएर औषधि सेवन गर्दै आएका थिए । तर पीडा कम नभएपछि आफूकहाँ आएको र शल्यक्रिया गर्ने सल्लाह दिएको बताए।

बिरामीको एमआरआई गरेर हेर्दा ढाडको तीन लेभलमा स्पाइनको स्टोनिस र डिस्कमा समस्या देखिएको उनले बताए।

(बाँकी अन्तिम पातामा)



लिङ्गरोडस्थित भवानी हस्पिटल । तस्वीर: सौजन्य

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# चारजना युरोपेली मुलुकका विदेशमन्त्रीले चीन भ्रमण गर्ने

बेइजिङ, १४ जेठ/सिन्ह्वा

पोल्यान्ड, सर्बिया, आयरल्यान्ड र हङ्गेरीका विदेशमन्त्रीहरूले चीन भ्रमण गर्न लागेको चिनियाँ विदेश मन्त्रालयले जनाएको छ ।

विदेश मन्त्रालयका प्रवक्ता झाओ लिजियानका अनुसार यही मे २९ देखि ३१ तारिखका बीच चार देशका मन्त्रीहरूले चीनको भ्रमण गर्न लागेका हुन् ।

पोल्यान्डका विदेशमन्त्री जिग्निउ राउ, सर्बियाका विदेशमन्त्री निकोला सेलाकोभिच, आयरल्यान्डका विदेश तथा रक्षामन्त्री सिमोन कोभेनी तथा हङ्गेरीका विदेश तथा व्यापारमन्त्री पिटर जिगार्टो चीन भ्रमणमा आउन लागेको मन्त्रालयको भनाइ छ ।

चीनका स्टेट काउन्सिलर तथा विदेश मन्त्री वाङ यीको निमन्त्रणमा उनीहरू चीन भ्रमण गर्न लागेको प्रवक्ता लिजियानले बताए । रासस

### चिनियाँ र ब्रिटिश विदेशमन्त्रीबीच फोनवार्ता

चिनियाँ विदेशमन्त्री वाङ यी र ब्रिटिश विदेशमन्त्री डोमिनिक राबबीच बिहीवार फोनवार्ता भएको छ । उनीहरूबीच वार्ता भएको कुरा चिनियाा सञ्चारमाध्यमहरूले जनाएका छन् ।

उनीहरूबीच द्विपक्षीय हितका विभिन्न विषयवस्तुका साथै अन्य चासोका बारेमा कुराकानी भएको थियो । चिनियाँ विदेशमन्त्री यीले गत वर्ष मात्र पनि चिनियाँ राष्ट्रपति सी जिनपिङ र ब्रिटिश प्रधानमन्त्री बोरिस जोन्सनबीच दुईपटकसम्म फोनमा कुराकानी भएको थियो ।

विदेशमन्त्री यीले बिहीवार दुई देशका विदेशमन्त्रीबीच भएको कुराकानी तथा गत वर्ष पनि चिनियाँ राष्ट्रपति र ब्रिटिश प्रधानमन्त्रीका बीचमा भएको कुराकानीबाट यी दुई देशबीच असल सम्बन्ध रहिआएको कुरा प्रमाणित हुने बताएका छन् ।

उनीहरूबीच अहिले कोभिड–१९ का कारणले दुवै देशमा पारेको प्रभावका साथै यसका कारण उत्पन्न परिस्थितिका बारेमा कुराकानी भएको बताइएको छ। साथै दुई देशबीचको आन्तरिक व्यापारिक साझेदारीका साथै अन्य आर्थिक विषयमा पनि कुराकानी भएको जनाइएको छ। रासस

# अफगान सेनाको कारबाईमा २३ तालिबानी लडाकूको मृत्यु

मजार–ए–शरीफ, १४ जेठ/सिन्ह्वा

अफगान सेनाको हवाई कारबाईमा २३ जना तालिबानी लडाकूको मृत्यु भएको सेनाले जनाएको छ ।

अफगानिस्तानको उत्तरी बाल्ख प्रान्तको सोल्गाडा जिल्लामा लुकिछिपी बसेका तालिबानी लडाकूलाई लक्षित गरी बिहीबार गरिएको कारबाईमा ती लडाकू मारिएका हुन् ।

कारबाईमा अरू ११ जना लडाकू गम्भीर घाइते भएका छन् ।

सेनाको उत्तरी क्षेत्रका प्रवक्ता मोहम्मद हनिफ रेजाईले हवाई कारबाईमा लडाकू समूहले प्रयोग गर्ने मोटरसाइकल, अन्य सवारी साधन र हातहतियार बरामद गरिएको जानकारी दिए ।

बाल्ख प्रान्तको सदरमुकाम मजार–ए–शरीप सहित वरपरका इलाकामा निकै प्रभाव जमाएका तालिबानी समूहले भने उक्त कारबाईबारे केही बताएका छैनन् ।

अफगानिस्तानबाट अमेरिकी र नेटो फौज फिर्ती अभियान चलिरहे पनि देशभित्र शृङ्खलाबद्ध हिंसात्मक घटनाहरू नियमित भइरहेका छन् । रासस

# सन् २०४३ भित्र न्यूजील्यान्डको जनसङ्ख्याको २६ प्रतिशत हिस्सा एशियाली मूलको हुने


वेलिङ्टन, १४ जेठ/सिन्ह्वा

न्यूजील्यान्डको जनसङ्ख्या आगामी दुई दशकभित्र जातीयरूपमा अझ विविधतापूर्ण हुने प्रक्षेपण गरिएको छ । न्यूजील्यान्डको जनसङ्ख्या विभागका अनुसार सन् २०४३ भित्र कुल जनसङ्ख्याको झन्डै ४३ प्रतिशत एशियाली मूलका नागरिक हुनेछन् ।

विभागले सन् २०१८ मा एशियाली मूलका नागरिकको जनसङ्ख्या १६ प्रतिशत रहेकोमा अब त्यो वृद्धि भएर सन् २०४३ मा २६ प्रतिशत पुग्ने जनाएको छ ।

सन् २०१८ मा 'युरोपेली वा अन्य' मूलका नागरिकको जनसङ्ख्या ७० प्रतिशत रहेकोमा त्यो घटेर ६४ प्रतिशत हुने विभागको अनुमान छ ।

विभागका जनसङ्ख्या पूर्वानुमान व्यवस्थापक हामिश स्लाकले एक विज्ञप्ति जारी गर्दै भने–"सबै जातीय समूहको जनसङ्ख्या आगामी दुई दशकमा वृद्धि हुनेछ, तर जनसङ्ख्याको ठूलो हिस्सा रहेको युरोपेली वर्गको जनसङ्ख्या वृद्धिमा निकै कमी आउने छ ।"




स्लाकका अनुसार भिन्नभिन्न जातीय समूहबीच जन्म, मृत्यु र आप्रवासनको दर फरकफरक छ । उमेर समूहका आधारमा पनि जातीय समूहको हिस्सा फरक देखिएको छ। उदाहरणका लागि, सन् २०१८ मा माओरी समुदायका ०–१४ वर्ष उमेर समूहका युवाको जनसङ्ख्या २७ प्रतिशत रहेकोमा ६५ वर्षभन्दा बढीको उमेर समूहमा ७ प्रतिशत मात्र देखिएको छ ।

व्यवस्थापक स्लाकले सन् २०२० को डिसेम्बरमा सार्वजनिक भएझैं न्यूजील्यान्डको कुल जनसङ्ख्या २० देखि ३० वर्षको अवधिमा करीब ६० लाख पुग्न सक्ने बताए । एशियाली र माओरी समुदायको जनसङ्ख्या सन् २०२४–२०२७ र २०२८–२०३२ को अवधिमा १० लाखभन्दा बढी हुने तथ्याङ्क विभागको भनाइ छ ।

माओरी समुदायको जनसङ्ख्या औसतभन्दा बढी दरमा वृद्धि हुनेछ भने एशियाली मूलको जनसङ्ख्या आप्रवासनका कारण वृद्धि हुनेछ, स्लाकले भने ।

विभागका अनुसार सन् २०२० को दशकको शुरूमा माओरी जनसङ्ख्याभन्दा एशियाली मूलको जनसङ्ख्या बढी तीव्र गतिमा वृद्धि हुनेछ । खासगरी चिनियाँ र भारतीय समूहको जनसङ्ख्या न्यूजील्यान्डमा बढी हुनेछ । रासस

# सिरियाको राष्ट्रपतिमा पुनः असद निर्वाचित

दमास्कस, १४ जेठ/सिन्ह्वा

सिरियामा राष्ट्रपति पदका लागि भएको निर्वाचनबाट पुनः वर्तमान राष्ट्रपति बसर अल असद निर्वाचित भएका छन् । दुई दिनअघि भएको मतदानबाट उनी नै पुनः राष्ट्रपति निर्वाचित भएको बताइएको छ ।

सिरियाका सभामुख हमादेन सवागले बिहीवार सो कुराको घोषणा गरेका हुन् । सिरियाको संसद्ले बिहीवार उनी पुनः सिरियाको राष्ट्रपतिमा निर्वाचित भएको समाचार घोषणा गरेको विभिन्न अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन् ।

समाचारमा जनाइए अनुसार उनले यसपटकको निर्वाचनमा उनका प्रतिद्वन्द्वीहरूको भन्दा निकै धेरै मत ल्याएका छन् । उनको ९५.१ प्रतिशत मत आएको सिरियाको संसद्ले घोषणा गरेको छ ।

यसपटकसमेत गरी उनी सिरियाको राष्ट्रपतिमा चौथोपटक निर्वाचित भएका हुन् । उनको कार्यकाल सात वर्षको हुनेछ । उनले यसअघि सन् २०१४ मा भएको निर्वाचनमा ८८ प्रतिशत मत ल्याएकामा यसपटक भने त्योभन्दा पनि बढी मत ल्याएका छन् ।

सिरियामा अहिले पनि सुरक्षाको समस्या रहेकाले निश्चित क्षेत्रहरूमा मात्र मतदान भएको बताइएको थियो । खासगरी सिरियाको राजधानी र सरकारको नियन्त्रणमा रहेका क्षेत्रहरूबाहेकका क्षेत्रमा सुरक्षा व्यवस्था निकै कडा बनाइएको थियो ।

सिरियाका आन्तरिक मामिलासम्बन्धी मन्त्री मोहमद अल रहमाउनले सिरियामा बुधवार भएको मतदान शान्ति सुरक्षाको व्यवस्था मिलाइएका कारण शान्तिपूर्णरूपमा सम्पन्न भएको जानकारी दिए ।

सिरियाका राष्ट्रपति बसर अल असदसहित यहाँका तीनजनाले राष्ट्रपति पदमा उम्मेदवारी दिएका थिए । सिरियामा केही वर्षअघिदेखि नै राष्ट्रपति असदका विरुद्धमा आन्दोलन चर्किएको थियो । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – प्रगति | वृष – रोगभय |
| मिथुन – व्यापारवृद्धि | कर्कट – शत्रुभय |
| सिंह – कार्यनाश | कन्या – भयचिन्ता |
| तुला – मित्रमिलन | वृश्चिक – कान्तिक्षय |
| धनु – सुयश | मकर – बेचैनी |
| कुम्भ – धनलाभ | मीन – सफलता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# कोरोनाभन्दा पनि ठूलो सङ्कट खडा हुन सक्छ

"हट रे हट । चल, घुम हेने । देख तार हई बयला केने जाता हो । बाँवे घुम ।" जनावर भएर पनि गोरुहरूले किसानको निर्देशन अनुसार काम गर्दछन् । त्यस्तै, गोरुहरूको आँसु, आवाज र हलचलजन्य सङ्केतलाई किसानहरूले राम्ररी बुझ्दछन् । एकले अर्काको खुशी र कष्ट अनुभूति गर्दछन् । गोरु र किसान बीच अनन्य अन्तर्सम्बन्ध पाइन्छ । किसान र गोरुजस्तै सरकार र नागरिकबीच, जनप्रतिनिधि र जनताबीच तथा चिकित्सक र बिरामीलगायत सामाजिक स्तरमा आज नङ्ग र मासुको सम्बन्ध अपवादबाहेक पाउन मुश्किल छ । मानवीय अवचेतनमा एकअर्काको पीरमर्काप्रति संवेगात्मक भाव स्थापित हुन सके राष्ट्रिय समृद्धिको कल्पना असम्भव छैन ।

किसानको रहनसहन नेता वा कर्मचारीको जस्तो हुँदैन । धूलाम्य र नाङ्गो खुट्टा, पसिनाले भिजेको गंजी, घुँडासम्म भिरेको मरदानी, शिरमा पगडी र हातमा 'पैना' (छडी) सहितको किसानको परम्परागत वेशभूषा आजको परिवेशमा पनि परिवर्तन हुन सकेको छैन । यसको प्रमुख कारणहरूमध्ये सरकारी उदासीनता एक हो । गाउँहरूमा सिंहदरबार स्थापना भएपनि नून, तेल र रोटीको गर्जो टरेको छैन । तन्त्र वा सरकार जतिसुकै फेरिए पनि सर्वहारा वर्गको सरकार कहलाउन लायक कोही पनि उदय भएन । अपवादबाहेक सबै आआफ्नै भकारी भर्ने काममा तल्लीन छन् ।

खेतको काम सकेर घर फर्केपछि किसानले गोरुलाई 'लेदी–पानी' (आहार) खुवाएपछि मात्र आफू खान्छ । शारीरिक परिश्रम पछिको नून र रोटी स्वादिष्ट मात्र लाग्दैन, निद्रा पनि गहिरो लाग्छ । सरेहबाट फर्केपछि देहातीजन प्रायः छहारीसँगै खुला स्थानमा भेला हुन्छन् । कोही भुइँमा त कोही गम्छा बिछ्याएर आराम गर्नुका साथै कुराकानी पनि चलिरहन्छ ।

०००

देहातीजन एक आपसमा के र कस्ता कुरा गर्छन् सोको सङ्क्षिप्त अंश कथानक शैलीमा प्रस्तुत छ–

एक बुजुर्गले निराशा प्रकट गर्दै भने–"लकडाउन लागल बा, तब से हमर बेटा घरहीं बा । का जाने कहियाले लकडाउन रही ? कहिया हमर बेटा 'सरेह' में जाई ? ओकर पढाइ चौपट हो रहल बा हो भाइ लोगन ।" यो कुरा सुनेर एक तन्नेरीको हाँसोमा अरूहरूले पनि साथ दिन थाले । बुजुर्गले आश्चर्यजनक मुद्रामा सबैको अनुहार नियाल्दै पुनः प्रश्न गरे–"बबुआ, काहे हँसतार ?" भद्र प्रकारका एकजनाले सम्झाउँदै भने–"सरेह ना नु काका 'शहर' कहल जाला । बुझनी ?" बुजुर्गले भने, हँ हो मरदे जिभ लपटा गइल ह ।"

'ऐ, के ह प्रधानमन्त्री हो ?' अर्का एकजनाले जिज्ञासा जाहेर गरे । प्रश्न नसकिँदै एक वयस्कले गाउँकै मुखियाको नाम फ्याट्ट बताइदिए । मुखियाको नाम सुनेपछि ठूलो स्वरमा हाँसो र ठट्टा गुञ्जित भयो । त्यहाँ उपस्थितमध्ये बीस प्रतिशतलाई मात्र प्रधानमन्त्रीबारे थाहा थियो । साठी प्रतिशतलाई थाहा छैन । त्यसैले हाँसो र आश्चर्यमिश्रित भाव आमजनको अनुहारमा प्रकट भइरहेको थियो । एकजनाले आश्चर्यजनक मुद्रामा प्रश्न गरे– "हो त साँचो, हमनी के मुखिया जी 'प्रधानमन्त्री' हउवन ?" उत्तर आयो–"का जाने मरदे तहनी हँसतार त बुझाता मुखियाजी प्रधानमन्त्री ना हउवन ।" शहरमा नोकरी गर्ने एकजनाले प्रधानमन्त्री कसलाई भनिन्छ भनेर यसरी सम्झाए–"जेतरे चार गाँव के मालिक मुखिया जी हउवन ओहितरे देश भरके मालिक के प्रधानमन्त्री कहल जाला । आ प्रधानमन्त्री काठमाडौं में रहेलन । अब समझ आ गइल ।"

मुखियालाई नै प्रधानमन्त्री ठान्नेहरूका लागि यो नयाँ जानकारी थियो । उनीहरूले आश्चर्यजनक मुद्रामा एकअर्काको अनुहार नियालिरहेका थिए । एउटोले भन्यो–"तब त मुखिया लोग हितनी में होतना भ्रष्टाचार करता लोग त प्रधानमन्त्री होतना में केतना हो दादा ! र उनीहरूको बुझाइमा स्थानिय जनप्रतिनिधिहरूले थोरैमा यति भ्रष्टाचार गरिरहेका छन् भने प्रधानमन्त्रीले त्यतिमा कति गर्दाहोलान् ।

भैंसीलाई लिएर सोही बाटो घरतर्फ गइरहेका एक मानिस गाउँलेहरूको हाँसोठट्टा सुनेर अडिए । एकजना केटोलाई भैंसीको 'पगहा' (डोरी) थमाउँदै भने–"जो बबुओ नाद पर बान्ह दिहे भइँस के ।" त्यसपछि उक्त जमघटमा उनी पनि थपिए । कौतुहलपूर्ण आशयमा सोधे–"ए कथि हाहाहीही होता ?" उनको प्रश्न नसकिँदै एकजना वृद्धले मुस्कुराउँदै भन्न थाले–"देख लोगन हेदे आ गइलन चम्पियन नेता ।" गाउँका मानिसहरूले उनको उपनाम 'चम्पियन' राखिदिएका छन् । तर किन ? किनभने उनी प्रायः झुक्याउने प्रकृतिका असत्य कुरा सुनाउँदै हिंड्छन् । उनको कुरालाई गाउँको सानो बच्चाले समेत विश्वास गर्दैन । यद्यपि उनी स्वयंलाई 'नेता' ठान्छन् । मजाकमा पनि कसैले उनलाई नेता भनिदियो भने उनको मन फुरुङ्ग हुन्छ ।

लकडाउनको विषयमा के जानकारी छ ? भन्ने एकजनाको प्रश्न नसकिँदै चम्पियनको मुखबाट शब्दहरू फुट्न थाले–"अरे प्रधानमन्त्री से ले के स्वास्थ्यमन्त्री आ गृहमन्त्री से भल बात कर के आवतानी ।" यति भनिरहँदा माथिबाट लेदो पदार्थ उसको शिरमा खस्यो । शिरमा औंला घुमाउँदा ताजा बिष्टा उनलाई महसूस भयो । माथि हेर्‍यो । आँपको रूखको टुप्पोमा कागले आँप खाइरहेको थियो । चम्पियनले कागलाई धपाउन खोज्दा काग पुनः बिष्टा खसाउँदै उड्यो । यस पटकको विष्टा ठीक उनको अनुहारमा परेको थियो । विष्टा पुछ्दै र थुथु गर्दै चम्पियन घरतिर लाग्न थालेपछि माहोल ठहाकामा परिणत भयो ।

एक वृद्धले कोरोना र खेतीपातीको प्रसङ्ग कोट्याउँदै प्रश्न गरे–"लकडाउन लागल बा त खेतीपाती कैसै होइ ? खाद आ विया कहाँ से आइ ? कैसे आइ ? दिनभर मुहजाबी (मास्क) लगइले रहला से कोरोना से त बचल जाई मगर पेट कैसे भरी ?" यस प्रश्नमा त्यहाँ उपस्थित सबै निरूत्तर भए । उनीहरूको मुहारमा चिन्ता छायो ।

०००

बहु तहको सरकार लकडाउनको अवधारणाबाहेक सामान्यजनको जीविकोपार्जनको सवालमा चिन्ताशून्य छ । सत्ताको खेलमा व्यस्त छ । किसानको लागि जेठ महीना बिडार (ब्याड) मा अगहनी धानको बीउ राख्ने समय हो । वर्षभरि खाने अन्नको सवालमा खेती नगरी सुख छैन । अन्नबाली सरेहबाट भकारीमा आइपुग्दासम्मको यात्रामा विभिन्न प्रकृतिका सरकारी र प्राकृतिक अप्ठयाराहरूको सामना गर्नुपर्दछ । जस्तै बीउबिजन, मल र सिंचाइ आदिको समस्यादेखि बाढी, पहिरो र खडेरी आदि सङ्कटको सामाना गर्नुपर्ने हुन्छ । नेताहरूको केन्द्रबिन्दु सिंहदरबार भएजस्तै आम मानिसको क्रियाशीलता सरेहमा नभए पेट भर्न मुश्किल पर्छ । एक किसानको भौतिक शरीर घरमा भएको बेला पनि मन चाहिं खेतको बाली हेर्दै आलीमा चक्कर काटिरहेको हुन्छ ।

राजनीतिक गतिविधिबारे प्रायः देहातीजनलाई जानकारी हुँदैन । राष्ट्रपति, प्रधानमन्त्री वा मन्त्री को–को भयो ? कसले संविधानको धज्जी उडायो ? कसले कानूनको मानमर्दन गर्‍योलगायत विषय सामान्यजनको खासै चासोमा पर्दैन । काम नगरे माम पाइँदैन । यस्ता नागरिकलाई केवल चुनावको बेला स्मरण गर्ने परम्परा छ । मतदानपछि यिनीहरूलाई महत्त्वहीन ठानिन्छ ।



यदि चुनावअघि कुनै प्राकृतिक आपदा भएमा राजनीतिकर्मीहरूको एक हुल गाउँबाट निस्कन नपाउँदै अर्को हुल पस्छ । यसको उदाहरणको लागि बितेको स्थानीय तहको चुनावलाई लिन सकिन्छ । कात्तिकमा चुनाव थियो । चुनावभन्दा अघि साउन र भदौमा बाढी आएको थियो । त्यति बेला चुनावी प्रतिस्पर्धीहरूको एक हुल राहत बाँडेर निस्कियो । लगत्तै अर्को हुल आइपुग्थ्यो । त्यसपछि निर्वाचित जनप्रतिनिधि होऊन् वा पराजित, कोरोनाको दोस्रो लहरमा अपवादबाहेक यिनको अग्रसरता छरपस्ट छ ।

अहिले कोरोनाबाट जोगिने उपायदेखि अस्पताल, उपचार र औषधीको महत्त्व तात्कालिक आवश्यकताभित्र पर्ने नै भयो । यद्यपि स्वास्थ्य सुनिश्चितताप्रति समेत अग्रसर हुनु नितान्त आवश्यक छ । किनभने अहिले व्यावसायिक, औद्योगिक र कृषि कारोबारमा हुने क्षति दूरगामी असरको रूपमा उदय नहुने कुरै हुँदैन । भविष्यमा पर्ने प्रभावलाई मध्यनजर गरी व्यवसायको प्रकृति अनुसार वैकल्पिक बाटो पहिल्याउनु अहिलेको आवश्यकता हो । र, यसप्रति जिम्मेवार निकायको ध्यानाकर्षण मात्र होइन, सहजीकरणको सवालमा कोरोनासँग जुध्दै भविष्यप्रति पनि गम्भीर हुनु अनिवार्य छ ।

शहरभन्दा गाउँको जनसङ्ख्या भूगोल धेरै ठूलो छ । कृषि प्रणालीप्रति गम्भीर नहुने हो भने यसले कोरोना भन्दापनि ठूलो सङ्कट खडा गर्न सक्छ । कृषिप्रधान देश कहलिने नेपालको प्रमुख बाली नै धानबाली हो । बीउबिजन छर्ने समयमा शहरसँगै देहात लकडाउनको सामना गरिरहेको छ । लकडाउन भए पनि खेतीपातीको सवालमा सतर्कतासहितको अवधारणा ल्याउनु आवश्यक छ । खेतीपाती गर्न भीड चाहिंदैन । सरेह आफैंमा एकान्त स्थान हो जहाँ खेतीपाती हुन्छ । सरेह भनेको जुलुस, सभा वा विवाहजस्तै भव्य र भीडभाड हुने क्षेत्र होइन । त्यसैले प्रत्येक पालिकाले कृषि कार्यको सवालमा साझा अवधारणा ल्याउनुपर्छ । बीउबिजन लगायत कृषिजन्य सामग्रीको सहज उपलब्धताको लागि पहल गर्नुपर्दछ । कोरोनाको बहानामा हरेक क्षेत्रलाई प्रभावित गर्ने काम भविष्यको लागि कदापि राम्रो सङ्केत हुन सक्दैन ।

**सरोकार**



राजेश मिश्र

**कृषिप्रधान देश कहलिने नेपालको प्रमुख बाली नै धानबाली हो । बीउबिजन छर्ने समयमा शहरसँगै देहात लकडाउनको सामना गरिरहेको छ । लकडाउन भए पनि खेतीपातीको सवालमा सतर्कतासहितको अवधारणा ल्याउनु आवश्यक छ । खेतीपाती गर्न भीड चाहिंदैन ।**

# घर न घाटकी भइन् सोनी : पति अर्कीलाई लिएर बसे

राधेश्याम पटेल, परवानीपुर, १४ जेठ/

बिहार, पूर्वी चम्पारण अरेराजकी २५ वर्षीया सोनीकुमारी आइतवारदेखि आफ्नै घरमा डेढ वर्षको छोरासँग एक्लै बस्न बाध्य छिन्।



सोनीकुमारी र उनका पति अनिलसाह तेली। तस्वीरः प्रतीक

वीरगंज-१४ सानोपिपरास्थित जनकपुर अस्थायी इजलास वीरगंजको भवन अगाडि पतिको अढाई धुरमा बनेको दुई तले भवनमा उनी छोरासँग बस्छिन्। घरमा अरू कोही छैन, खाद्यान्न सासूससुराले दराजमा बन्द गरेका छन्, ठूलो पिपरामा ठूली दिदीको घर छ, भतिजाहरूले खाने कुरा ल्याइदिन्छन् र खान पाउँछिन्।

पति र ससुरा पक्षले उनलाई कुटपिट गरी यातना दिएपछि घरका दुईजना फरार छन् भने चारजना प्रहरी हिरासतमा छन्। उनलाई र उनका भाइ बिटु कुमारलाई कुटपिट गरेको आरोपमा पर्सा प्रहरी मातहतको वडा प्रहरी कार्यालय, श्रीपुरले गत शनिवार ५७ वर्षीय ससुरा मुनीलाल साह तेली, देवरद्वय २० वर्षीय दिवाकर साह र २२ वर्षीय प्रभाकर साह तथा २५ वर्षीयन नन्द अनिताकुमारीलाई सार्वजनिक मुद्दा र महिला हिंसा अन्तर्गत नियन्त्रणमा लिएको छ भने ३२ वर्षीय पति अनिलसाह तेली, ४८ वर्षीया सासू सुगन्धीदेवी फरार छन्।

घटना शुक्रवार राति ९ बजेको हो। सोनीको कोठाबाट ससूराले सिलिङ पंखा झिकिदिएका छन्। मिटर बढी उठ्यो भनेर। डेढ वर्षे छोरा गर्मीमा सुत्न मान्दैन। त्यही भएर तलबाट टेबल पंखा लिन जाँदा सासूले मुख छाडिन्। "तेरो बाउसँग मागेर ल्या र सुत, दाइजो केही दिएन, सबै सुख भने तैंलाई चाहिने ?"

सोनी भन्छिन्-"त्यसपछि मलाई लाठी, मुक्का, लातले हाने। मेरो हातमा ७ वटा टाँका लागेको छ।" भोलिपल्ट शनिवार माइतबाट भाइ बिटु कुमार आएर सोधपुछ गर्दा अपराह्न ४ बजे उसलाई पनि रडले हानेर टाउको फुटाँदिए। रगतले लतपत बिटुलाई समयमैं अस्पताल नपुऱ्याएको भए, ज्यानै जान्थ्यो।"

गत २०१८ अप्रिल १९ अघि १४ लाख दाइजो लिएर साबिक पर्सा, कालिकामाई गापा सानो लक्ष्मीपुर, हाल वीरगंज-१४ सानो पिपरा बस्ने अनिलसाह तेलीसँग उनको मागी विवाह भएको थियो। विवाहको एक महीनापछि नै दाइजोको विषयमा पतिपत्नीबीच मनमुटाव शुरू भएको थियो। दाइजो ल्याइनौ, घरको कामधन्दा गर्न आउँदैन, तेरो बुवा बितेपछि आमा खराब महिला भइन् जस्ता बात लगाएर सोनीलाई यातना दिइन्थ्यो। डेढ वर्ष अघि यस्तै घरासयी विवादको क्रममा सोनीलाई उनको पति र ससुराले ज्यान मार्ने कोशिश पनि गरेका थिए। त्यस बेला कुटपिट गर्दा बेहोश भएकी सोनीलाई आफ्नै घरमा पंखामा पासो लगाएर मार्ने प्रयास गरेको सोनीका भाइ पर्ने अशोक साह बताउँछन्। सोनीलाई घरबाट बेदखल गर्न दुई वर्ष अघि पति अनिलले ५ लाख रुपियाँ लिएर बुवा र भाइहरूको सम्पत्तिमा उसको कुनै हक नभएको भनी अंशबण्डा पनि लिइसकेका छन्।

जबकि गाउँमा तीन चार बिघा जग्गा ससुरा पक्षको रहेको सोनी बताउँछिन्। "मेरो अंश मार्न मेरो विवाह दर्ता र नागरिकता बनाइएको छैन"-उनी भन्छिन्-"अंशबण्डा छुट्याइएको छ, घरबाट कुटपिट गरेर भगाइएपछि पर्सा जिल्ला अदालतमा माना चामलको मुद्दा दिएपछि अदालतको आदेशमा पोहोर दशैंमा पतिको घरमा प्रवेश गरेकी थिएँ।"

पति अर्कीसँग सल्केपछि घर बिग्रियो। अनिल वीरगंज जेलरोडस्थित फलफूलका थोक बिक्रेता हुन्। २८ वर्षीया एकजना विवाहित महिलासँग फसेर घर बिग्रन पुग्यो। पनिले मलाई छोडेजस्तै उनी पनि पति छोडेर वीरगंजमा छुट्टै भाडाको कोठामा बस्छिन्। महिलासँग उनका पतिको तीनजना सन्तान रहेको र उसको प्रेमजालमा परेर मेरो बिल्लिबाँठ लगाए।

प्रहरीले अनुसन्धान गरिरहेकोले उनी आशावादी छिन्। उनले पति अनिल र ती महिलालाई नियन्त्रणमा लिएर कारबाई गर्न माग गरेकी छन्।

पर्सा प्रहरी प्रमुख एसपी बेलबहादुर पाण्डेले घटनाबारे अनुसन्धान जारी रहेको र दोषीलाई कानून बमोजिम कारबाई हुने बताएका छन्।

## निषेधाज्ञामा फाराम भर्न भनिएकोमा राविसको आपत्ति

प्रस, वीरगंज, १४ जेठ/

राष्ट्रिय विद्यार्थी सङ्घ ठाराब क्याम्पसले कोरोना सङ्क्रमण, निषेधाज्ञा अवधिमा त्रिविविको पत्र अनुसार स्नातक तह प्रथम वर्षको परीक्षा आवेदन फाराम खुला गरिएकोमा आपत्ति जनाएको छ।

राविसका क्याम्पस एकाइ अध्यक्ष सगीर अलीले विज्ञप्तिमार्फत ठाराब क्याम्पसमा परीक्षा आवेदनका लागि विभिन्न जिल्लाबाट विद्यार्थीहरू आउनुपर्ने र निषेधाज्ञा भएकोले स्थानीय प्रहरी प्रशासनले अवरोध गर्न सक्ने कुरालाई नजरअन्दाज गरी फाराम भर्ने अवधि निर्धारण गरेकोमा आपत्ति जनाएको हो। अध्यक्ष अलीले विद्यार्थीहरूको बक्यौताबारे अन्योलता रहेकोले अनलाइन फाराम भर्न सक्ने अवस्था नभएको क्याम्पस प्रशासनलाई अवगत भएको र बाहिरबाट विद्यार्थीहरू आउन सक्ने वातावरण नभएको तथा स्थानीय विद्यार्थीहरू पनि फाराम भर्नका लागि क्याम्पससम्म आवतजावत गर्दा स्थानीय सुरक्षाकर्मीबाट दुर्व्यवहार हुन सक्ने भन्दै सहज तरीकाबाट फाराम भर्ने वातावरण मिलाउन आग्रह पनि गरिएको छ।

त्रिविविको जेठ ९ गतेको पत्र अनुसार ठाराब क्याम्पसले यही २० गतेसम्म स्नातक तह प्रथम वर्षका विद्यार्थीहरूलाई परीक्षा आवेदन फाराम भर्न सूचित गरेको छ।






### ढाडको वीरगंजमैं सफल.....

शल्यक्रियामा डेढ लाख रुपैयाँ खर्च लागेको थियो। एक साताको अस्पताल बसाइपछि बिरामी निको भएर घर फर्किए।

यस्तो जटिल शल्यक्रिया वीरगंजमा हुन थालेपछि काठमाडौं र पटना जाने समस्याबाट बिरामीलाई राहत मिल्ने उनको विश्वास छ। डा चौरसियाले न्यूरोसर्जरीमा दर्जनौं जरनल लेखेका छन् भने अन्तर्राष्ट्रिय अवार्ड पनि पाएका छन्।

### ६० जना गरीब....

बताए।

कार्यक्रममा सशस्त्र प्रहरी बल बोर्डर आउट पोस्ट महादेवपट्टिका प्रमुख एवं सशस्त्र प्रहरी निरीक्षक केदार राईसमेत स्थानीय भद्रभलादमीको रोहबरमा खाद्यान्न वितरण गरिएको सामाजिक कार्यकर्ता प्रकाश थारूले बताए। उनले निषेधाज्ञा अवधि बढेसँगै गरीब, विपन्न, दलित परिवार दैनिक गुजारा गर्न असमर्थ भएकाले थोरै भएपनि सहयोग गरिएको बताए।

# उत्पादकको मूल्य अनुसार जिडिपी ४२ खर्ब ६६ अर्ब पुग्ने अनुमान

काठमाडौं, १४ जेठ/रासस

मुलुकको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) रु ४२ खर्ब ६६ अर्ब ३२ करोड पुग्ने भएको छ। अर्थ मन्त्रालयले आज सार्वजनिक गरेको चालू आर्थिक वर्षको आर्थिक सर्वेक्षण अनुसार उत्पादकको मूल्य अनुसार कुल गार्हस्थ्य उत्पादन उक्त परिमाणमा पुग्ने अनुमान गरिएको छ।

कोभिड महामारीका कारण आर्थिक वर्ष २०७६/७७ मा आर्थिक गतिविधिमा सङ्कुचन आएको भएपनि चालू आर्थिक वर्ष २०७७/७८ का प्रमुख आर्थिक परिसूचकहरू सन्तोषजनक रहेका छन्। यद्यपि पछिल्लो एक महीनाभन्दा बढी समयदेखि कोरोनाको दोस्रो लहर आएका कारण अर्थतन्त्र थप सङ्कुचित हुने अवस्था देखिएको छ।

आव २०७६/७७ मा कोभिड-१९ का कारणले नेपालको अर्थतन्त्र प्रभावित हुन गई आर्थिक वृद्धिदर पछिल्लो दुई दशकमैं पहिलोपटक २.१२ प्रतिशतले ऋणात्मक रहेको थियो।

मन्त्रालयका अनुसार चालू आर्थिक वर्षमा आर्थिक गतिविधिमा सुधार आएकाले स्वास्थ्य सङ्कटको अवस्थामा सुधार आई आर्थिक वृद्धिदर ४.०१ प्रतिशत रहने अनुमान गरिएको थियो। कोरोनाको दोस्रो लहरका कारण उक्त प्रक्षेपणसमेत पूरा नहुने अवस्थामा पुगेको छ।

**सबै प्रदेशको आर्थिक वृद्धिदर ३.५ प्रतिशत**

आव २०७६/७७ मा कर्णाली र सुदूरपश्चिम प्रदेशबाहेक सबै प्रदेशको आर्थिक वृद्धिदर ऋणात्मक रहेकामा चालू आर्थिक वर्ष २०७७/७८ मा सबै प्रदेशको आर्थिक वृद्धिदर ३.५ प्रतिशतभन्दा उच्च रहने अनुमान गरिएको चालू आर्थिक वर्षको तेस्रो चौमासिकबाट तीव्र गतिले फैलिइरहेको कोभिड-१९ को दोस्रो लहरका कारण अनुमानित आर्थिक वृद्धिदर हासिल गर्न चुनौतीपूर्ण हुन सक्ने अर्थ मन्त्रालयले उल्लेख गरेको छ।

चालू आर्थिक वर्षमा कृषि, उद्योग र सेवा क्षेत्रको कुल मूल्य अभिवृद्धि क्रमशः २.६ प्रतिशत, ५.० प्रतिशत र ४.४ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ। यस्तै, चालू आर्थिक वर्षको कुल मूल्य अभिवृद्धिमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २५.८ प्रतिशत, १३.१ प्रतिशत र ६१.१ प्रतिशत रहने अनुमान अर्थ मन्त्रालयले गरेको छ।

आव २०७६/७७ मा कुल लगानी ३०.४ प्रतिशतले सङ्कुचन भएकामा चालू आवमा १८.१ प्रतिशतले वृद्धि भई रु १३ खर्ब १२ अर्ब ७१ करोड पुग्ने अनुमान छ।

चालू आर्थिक वर्षमा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा)मा ५.८ प्रतिशतले वृद्धि भई अमेरिकी डलर एक हजार १९१ पुगेको अनुमान छ। प्रतिव्यक्ति कुल राष्ट्रिय खर्चयोग्य आम्दानी (प्रचलित मूल्यमा) ४.५ प्रतिशतले वृद्धि भई अमेरिकी डलर एक हजार ४८६ पुगेको अनुमान मन्त्रालयको छ।

चालू आर्थिक वर्षको फागुन मसान्तसम्म औसत उपभोक्ता मुद्रास्फीति ३.५ प्रतिशत रहेको छ। यो अघिल्लो वर्षको सोही अवधिमा ६.५ प्रतिशत थियो। सार्वजनिक खर्च व्यवस्थापनमा गरिएका सुधारबाट अपेक्षित नतीजा हासिल भएको मन्त्रालयको विवरणमा उल्लेख छ।

यस अवधिमा सरकारबाट वित्तीय व्यवस्थापनका लागि चालिएका कदमहरूबाट वित्तीय अनुशासनको अवस्था सुदृढ हुँदै गएको छ। चालू आर्थिक वर्षको फागुनसम्म सङ्घीय सरकारको बजेट घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ६५.५ प्रतिशतले सुधार भई रु २९ अर्ब १६ करोड रहेको छ। आव २०७६/७७ मा सङ्घीय सरकारको बजेट घाटा कुल गार्हस्थ्य उत्पादनको ८.१ प्रतिशत रहेको थियो।

यस अवधिमा सार्वजनिक ऋण र आन्तरिक ऋण परिचालन तथा उपयोग क्षमतामा अभिवृद्धि भएको छ। चालू आर्थिक वर्षको फागुनसम्म रु एक खर्ब १२ अर्ब ५२ करोड बराबरको आन्तरिक ऋण परिचालन भएको छ।

चालू आवको फागुनसम्म रु सात अर्ब ४८ करोड अनुदान र रु ८५ अर्ब दुई करोड ऋण गरी जम्मा रु ९२ अर्ब ५० करोड अन्तर्राष्ट्रिय विकास सहायता परिचालन भएको छ। त्यसैगरी, यस अवधिमा ऋणतर्फ रु ५० अर्ब ३८ करोड र अनुदानतर्फ रु नौ अर्ब ७१ करोड गरी जम्मा रु ६० अर्ब नौ करोड अन्तर्राष्ट्रिय विकास सहायता उपयोग भएको छ।

**७५० स्थानीय तहमा वाणिज्य बैंकका शाखा**

गत फागुन मसान्तसम्म ७५० स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुगी वित्तीय पहुँच विस्तार भएको छ। अब मात्रै तीनवटा स्थानीय तहमा वाणिज्य बैंकका शाखा खुल्न बाँकी रहेको छ।

चालू आवको फागुन महीनासम्म बैंक तथा वित्तीय संस्थाको निक्षेप ११ प्रतिशतले वृद्धि भई रु ४२ खर्ब ६० अर्ब ४७ करोड र कर्जा प्रवाह १७.५ प्रतिशतले वृद्धि भई रु ३८ खर्ब ४६ अर्ब ३१ करोड पुगेको अर्थ मन्त्रालयले जनाएको छ।

कोभिड-१९ का कारण सिर्जित प्रतिकूलता तथा नकारात्मक प्रभावबाट अर्थतन्त्र तथा आर्थिक क्षेत्रमा परेको प्रभाव न्यूनीकरण गर्न सरकारले कार्यान्वयन गरेका नीतिको कार्यान्वयन भइरहेको मन्त्रालयले जनाएको छ।

# कोभिड सङ्कट व्यवस्थापन केन्द्रलाई रेडक्रसको सहयोग

प्रस, वीरगंज, १४ जेठ/

नेपाल रेडक्रस सोसाइटी प्रदेश २ को कार्यालयले जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र पर्सालाई स्वास्थ्य सामग्रीहरू हस्तान्तरण गरेको छ।




नेपाल रेडक्रस सोसाइटी पर्सा शाखाका सभापति वीरेन्द्रराज कँडेलको सभापतित्वमा भएको कार्यक्रममा नेरेसो प्रदेश अध्यक्ष फूलमहमद मियाँले प्रमुख जिल्ला अधिकारी एवं जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र पर्साका अध्यक्ष पीताम्बर घिमिरेलाई स्वास्थ्य सामग्री सर्जिकल मास्क २० हजार थान, अक्सिजन कन्सेन्ट्रेटर ३ सेट, व्यक्तिगत सुरक्षा सुट पिपिई ५० सेट हस्तान्तरण गरेका थिए।

जिल्ला प्रशासन कार्यालय पर्सामा आयोजित कार्यक्रममा रेडक्रस प्रदेश २ का अधिकृत उमेश मिश्र, सुदर्शन श्रेष्ठ, पर्सा रेडक्रसका लेखा अधिकृत वीरशम्शे प्रसाद कुर्मी, राजन श्रीवास्तवलगायतको सहभागिता थियो।

# स्रोत नखुलेको ५३ लाखसहित दुईजना पक्राउ

प्रस, परवानीपुर, १४ जेठ/

पर्सा प्रहरीले अवैध वित्तीय कारोबार (हुन्डी)को अभियोगमा दुईजनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा बारा, प्रसौनी गापा-६ घर भई हाल वीरगंज-८ विपिसी क्याम्पसनजीक डेरा गरी बस्ने २६ वर्षीय शिव आनन्द र वीरगंज-११ श्रीपुरका १९ वर्षीय प्रकाश जैसवाल रहेका छन्।

शिव आनन्द र जयसवालले हुन्डी कारोबार गर्ने गरेको पूर्वसूचना पाएपछि हिजो बिहान ११ बजे जयसवाललाई कालो झोला लिएर हिंडिरहेको अवस्थामा चेकजाँच गर्दा रु २४ लाख बरामद भएपछि शिव आनन्दको डेरामा छापा मार्दा कालो झोलामा थप रु २९ लाख ८० हजार फेला परेको थियो। दुवैजनामाथि बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३ अनुसार अनुसन्धान अघि बढाएको पर्साका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले जानकारी गराए।

